

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २२० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ भदौ ८ गते बुधबार ❑ 24 Aug 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## आगामी निर्वाचनमा एमालेले मुद्दा मिल्ने पार्टीसँग तालमेल गर्ने

**रासस**

**काठमाडौं, ७ भदौं**

नेकपा (एमाले) ले आफ्नो मुद्दा मिल्ने पार्टीसँग चुनावी तालमेल गर्ने भएको छ । पार्टी मुख्यालय च्यासलमा मंगलबार बसेको स्थायी कमिटी बैठकले मुद्दा मिल्ने दलसँग निर्वाचनमा तालमेल गर्ने निर्णय गरेको हो ।

एमाले प्रचार तथा प्रकाशन विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङले भन्नुभयो, "हामी चुनौती सामाना गरेर एक्लै चुनावी मैदानमा जाने हो, सुशासन, लोकतान्त्रिक गणतन्त्र र राष्ट्रियतालाई बचाउने हो । यस क्रममा जो-जोसँग एजेण्डा मिल्छ सोही पार्टीसँग चुनावी तालमेल गर्ने छौं ।" बैठकबाट यही भदौ १० र ११ गते बस्ने केन्द्रीय कमिटी बैठकको कार्यसूची तय गरिएको छ। केन्द्रीय कमिटी बैठकमा अध्यक्ष केपी शर्मा ओलीको राजनीतिक प्रतिवेदन पेश हुने निर्णय गरेको छ। बैठकमा पार्टी अध्यक्ष ओलीले आफूले पेश गर्ने प्रतिवेदनमा वर्तमान राजनीतिक अवस्था र गठबन्धन सरकारले गरेका गलत क्रियाकलाप र आगामी निर्वाचनबारे राजनीतिक प्रतिवेदन उल्लेख गरिएको छ।

अध्यक्ष ओलीले आगामी केन्द्रीय कमिटी बैठकमा प्रस्तुत गर्ने राजनीतिक प्रतिवेदनमा १३ जना स्थायी कमिटी सदस्यले आ-आफ्नो धारणा राख्नु भएको छ। धनश्याम भुसाल, कर्ण थापा, प्रभु साह, गोरखबहादुर बोगटी, शेरधन राई, रघुजी पन्त, गुरु बराल, शेरबहादुर तामाङ, मणिचन्द्र थापा, खगराज अधिकारी, सुभाष नेम्वाङ र हिक्मत कार्कीले अध्यक्ष ओलीको प्रतिवेदनमा आआफ्नो धारणा राख्नुभयो । ओलीको राजनीतिक प्रतिवेदनमा चुनावमा कसरी जाने, चुनावी रणनीति, आगामी राजनीतिक कार्यदिशा के हो भनेर स्पष्ट हुने प्रमुख गुरुङले बताउनुभयो । बैठकले तेस्रो केन्द्रीय कमिटीले गरेका निर्णयको अनुमोदनसमेत गरेको उहाँले जानकारी दिनुभयो।

निर्वाचन घोषणा मस्यौदा कमिटीले तयार पारेको मस्यौदा केन्द्रीय कमिटीमा प्रस्तुत हुने छैन । यस्तै पार्टीको वार्षिक बजेट पनि आजको बैठकले पास गरेको छ । पार्टीका नवप्रवेशीलाई व्यवस्था गर्नका लागि केही समस्या देखिएमा केन्द्रको अनुमतिमा जिल्ला वा अन्य कमिटीमा व्यवस्थापन गर्नेसमेत निर्णय गरेको छ। केन्द्रीय सल्लाहाकार परिषद्मा तीन जनालाई मनोनयन गरिएको छ।

प्रचार विभाग प्रमुख गुरुङका अनुसार कुलभक्त शाक्य, गेभी नेपाली र नवराज पौडेललाई परिषद्मा मनोनयन गरिएको छ । यस्तै विभिन्न दल परित्याग गरी एमालेमा प्रवेश गरेकालाई समेत केन्द्रीय कमिटीमा मनोनयन गरिएको छ। जीवन गौतम, विजय गुप्ता, धर्मदत्त देवकोटा र अमृतलाल राजवंशीलाई केन्द्रीय कमिटीमा मनोनयन गरिएको हो।

आसन्न मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका लागि पार्टीले उम्मेदवार तय गर्नका लागि मापदण्ड केन्द्रीय कमिटी बैठकमा पेश गर्ने उहाँले बताउनुभयो। एमालेमा आठ लाख ५५ हजार चार सय ५३ पार्टी सङ्गठित सदस्य रहेकामा ५२ हजार पाँच सय ५० पार्टी सदस्य नम्बर सङ्ख्या दोहोरिएको छ । पार्टी सङ्गठन विभागले दोहोरिएको सदस्यता नम्बरको व्यवस्थापन गर्ने निर्णय गरेको छ । बैठकमा


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## पोखरा रङ्गशालामा स्वास्थ्य केन्द्र सञ्चालन

**पोखरापत्र संवाददाता**

**पोखरा, ७ भदौं**

आसन्न नवौँ राष्ट्रिय खेलकुदलाई लक्ष्य गरी प्रतियोगिताको मुख्य आयोजनास्थल पोखरा रङ्गशालामा खेलकुद स्वास्थ्य केन्द्रलाई नियमितरुपमा सञ्चालन गरिने भएको छ।

राष्ट्रिय खेलकुदका लागि गण्डकी प्रदेश खेलकुद परिषद्द्वारा गठित स्वास्थ्य उपसमितिको बैठकले राष्ट्रिय खेलकुदलगायत प्रदेश र जिल्ला छनोटलाई मध्यनजर गर्दै खेलाडीको स्वास्थ्य परीक्षणका लागि स्वास्थ्य केन्द्र नियमित सञ्चालन गर्ने निर्णय गरेको हो। स्वास्थ्य उपसमितिको बैठकमा प्रदेश खेलकुद परिषद्का सदस्य सचिव तेजबहादुर गुरुङले स्वास्थ्य केन्द्रमा खेलाडीको सहज पहुँच र उनीहरूको प्राथमिक उपचारका लागि ध्यान केन्द्रित गर्न उपसमितिका सदस्यलाई आग्रह गर्नुभयो । खेलाडीको प्राथमिक उपचारका लागि स्वास्थ्य केन्द्रलाई थप प्रभावकारी बनाउन आवश्यक मापदण्ड बनाई तयारीमा जुट्नसमेत उहाँले आग्रह गर्नुभयो। उपसमितिको बैठकमा सिनियर फिजियोथेरापिष्ट तथा सल्लाहकार डा खड्गसिंह गुरुङ, नेपाली सेना फूलबारी ब्यारेकका सेनानी जीवन पौडेल, सोही ब्यारेकका स्वास्थ्य प्राविधिक सुवेदार राजेश केसी, उपसमितिका सदस्य शुभकन्या गुरुङ, राजन बडगामी, किरण गुरुङ र मुना थापा बैठकमा सहभागी हुनुहुन्थ्यो । पोखरा रङ्गशालामा सञ्चालन हुने स्वास्थ्य केन्द्रमा हाल एक जना स्वयंसेवी परिचारिका नियुक्त गरिएको छ भने थप चिकित्सक र फिजियोथेरापिष्टसहितको जनशक्तिका लागि आवश्यक पहल भइरहेको प्रदेश खेलकुद परिषद्ले जनाएको छ । आगामी असोज २८ देखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेशमा आयोजना हुने राष्ट्रिय खेलकुदको तयारी तीव्र पारिएको छ। गण्डकीका विभिन्न जिल्लामा खेलाडी प्रशिक्षण सुरु भएको छ भने निर्माणाधीन खेल पूर्वाधारलाई पूर्णता दिन लागिएको छ।

पोखरा रङ्गशालामा राष्ट्रिय खेलकुद मूल आयोजक समितिको कार्यकारी सचिवालयको स्थापना गरी आवश्यक व्यवस्थापकीय र प्रशासनिक कार्य सुरु भएको छ । प्रतियोगिताका लागि खेलस्थल व्यवस्थापन, प्रचारप्रसार, स्वास्थ्य, स्वयंसेवक व्यवस्थापनलगायत विभिन्न उपसमितिमार्फत काम अघि बढाइएको छ।

## आस्था र विचारभन्दा माथि उठेर विकासमा लागौँ : शिक्षामन्त्री पौडेल

**पोखरापत्र संवाददाता**

**बलेवा, ७ भदौं**

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले आस्था र विचारभन्दा माथि उठेर सबै राजनीतिक दल देशको विकासमा लाग्नुपर्ने बताउनुभएको छ।




आस्था र विचारका पछि लागेर मात्रै व्यावहारिक विकास नभएको र जनताले सुविधा नपाएको उहाँको भनाइ थियो । उहाँले नेपालको शिक्षा र स्वास्थ्यका क्षेत्रमा पूर्वाधार निर्माण तथा जनशक्तिको व्यवस्थापनलगायतका क्षेत्रमा अझै धेरै काम बाँकी रहेको भन्दै शिक्षा र स्वास्थ्य क्षेत्रको विकासले मात्रै सामाजिक क्षेत्रको विकास हुने बताउनुभयो । समुदायको तत्परता बिना विकास निर्माण सम्भव नरहेको भन्दै मन्त्री पौडेलले त्यस्ता काममा राजनीतिक आस्था र विचारको पछिलाग्न नहुने टिप्पणी गर्नुभयो । मन्त्री पौडेलले गृह नगर बागलुङ नगरपालिका-१२ अमलाचौरमा रहेको भैरवस्थानमा प्रथम हरेलो मेलाको उद्घाटन कार्यक्रममा कला, संकृतिको संरक्षण र पर्यटनको विकासमा सबै मिलेर लाग्नुपर्नेमा जोड दिनुभयो। उहाँले बलेवा क्षेत्रको विकासका लागि आफूले सक्दो सहयोग गर्नु बताउनुभयो । "बागलुङका मान्छेहरू मेहनती छन्, जहाँ पुगेका छन् त्यहाँ आफ्नै पौरखले प्रगति गरेको हामीले देखेका छौँ", पौडेलले भन्नुभयो, "अब आफ्नै गाउँमा रहेका पर्यटकीय सम्भावना बोकेका क्षेत्रको विकासका लागि पनि एक मन एकताका साथ लागौँ ।" कार्यक्रममा बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठले धार्मिक पर्यटन र उत्पादनलाई सँगै लैजाने गरी नगरले काम गर्ने बताउनुभयो । पूर्वाधार विकासका कामसँगै आर्थिक र सामाजिक विकासको क्षेत्रलाई पनि नगरपालिकाले साथै लैजाने उहाँको धारणा थियो । मेलामा भजन प्रस्तुति, पञ्चेबाजा प्रस्तुति, तीज गीत प्रतियोगिता, छेलो फाल्ने प्रतियोगितालगायतका कार्यक्रम आयोजना गरिएको थियो । सोमबार र मङ्गलबार दुई दिन सञ्चालन भएको मेला सकिएको छ । स्थानीय झाँकी तथा स्थानीय उत्पादनको प्रदर्शनी मेलामा गरिएको थियो ।

## गाई शीर्षकको कला प्रदर्शनी सम्पन्न

**पोखरापत्र संवाददाता**

**पोखरा, ७ भदौं**

गाईजात्रा एवं श्रीकृष्ण जन्माष्टमीको अवसर पारी पोखराको चिप्लेढुङ्गास्थित नगेन आर्ट एकेडेमीमा आयोजना गरिएको 'गाई' शीर्षकको कला प्रदर्शनी सम्पन्न भएको छ।

गत साउन २६ गतेदेखि भदौ ६ गतेसम्म सञ्चालित प्रदर्शनीमा कलाका क्षेत्रमा रुचि राख्ने एक हजारभन्दा बढी व्यक्ति सहभागी भई अवलोकन गरेको नगेन आर्ट एकेडेमीका अध्यक्ष ज्योति हमालले जानकारी दिनुभयो । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका पूर्व सदस्य एवं विश्व हिन्दू युवा सङ्घ ललितकला विभाग प्रमुख कलाकार नगेन सिंहद्वारा 'अल्कोहलिक ईंक' का माध्यमद्वारा बनाइएका २१ वटा चित्र प्रदर्शनीमा राखिएका थिए।

समापनका अवसरमा विश्व हिन्दू महासङ्घका केन्द्रीय अध्यक्ष डा रामचन्द्र अधिकारीले गाईको अस्तित्व नै धरापमा परिरहेको समयमा गरिएको प्रदर्शनीले विशेष महत्व झल्काउने बताउनुभयो । विश्व हिन्दू युवा सङ्घका केन्द्रीय अध्यक्ष ऋषिकेशजङ्ग शाहले गाईको महत्वलाई बुझ्न नसकिएको बताउँदै यसको संरक्षणका लागि आम जनमानसमा सचेतना अभिवृद्धि हुनुपर्नेमा जोड दिनुभयो । विश्व हिन्दू महासङ्घका केन्द्रीय सदस्य


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## बाँस्तोला अमेरिकी राष्ट्रपति गोल्डेन अवार्डबाट सम्मानित

**पोखरापत्र संवाददाता**

**पोखरा, ७ भदौं**

पोखरा महानगरपालिका-२५का विश्वराज बाँस्तोला अमेरिकी राष्ट्रपति गोल्ड मेडल अवार्डबाट सम्मानित हुनुभएको छ । अमेरिकाको न्युयोर्क राज्यमा नेपाली तथा अमेरिकन समाजलाई कोरोना महामारीको समयमा रक्तदान कार्यक्रम तथा विविध मानवीय योगदान पुऱ्याउनुभएबापत उहाँ उक्त अवार्डबाट सम्मानित हुनुभएको हो।

अमेरिकी राष्ट्रपति जो वाईडेनद्वारा हस्ताक्षरित सम्मानपत्रमा संयुक्त राज्य अमेरिकामा अफ्ठेरो पर्दा बाँस्तोलाले पुऱ्याउनुभएको मानवीय सेवालाई देशले मूल्याङ्कन गरेको उल्लेख छ । उक्त अवार्ड र सम्मानपत्र नेपाल-अमेरिका सम्बन्धको ७५ वर्ष पूरा भएको उपलक्ष्यमा न्यूयोर्कमा आयोजित कार्यक्रममा अमेरिकाका लागि नेपालका स्थायी प्रतिनिधि अमृतबहादुर राईले प्रदान गर्नुभएको हो। विसं २०२८ मा हेम्जामा जन्मनुभएका बाँस्तोला आफ्ना बुबाको सामाजिक कार्य पछ्याउँदै सानैदेखि सामाजिक तथा राजनीतिक क्षेत्रमा सक्रिय हुनुहुन्थ्यो । विसं २०४४ देखि नेपाल विद्यार्थी सङ्घमा क्रियाशील उहाँ २०४६ सालको जनआन्दोलनसँगै २०६२/६३ को आन्दोलनमा सक्रिय सहभागी हुनुहुन्थ्यो। शिक्षक सङ्घ कास्कीको सदस्य र सचिव हुँदै केन्द्रीय समितिको सदस्य भइसक्नुभएका उहाँ अम्बिका माध्यमिक विद्यालय र सिर्जना बहिरा आवासीय उच्च माविको प्राचार्य बन्नुभएको थियो।

विसं २०६६ मा नेपाल सरकारबाट शिक्षा मन्त्रालयको विशेष शिक्षा परिषद्को सदस्य पदमा विशेषज्ञको रूपमा नियुक्त बन्नुभएका बाँस्तोलाले प्रजातान्त्रिक विचार समाज, मानव अधिकार तथा शान्ति समाज, एमनेष्टी इन्टरनेशनल, रेडक्रस, लायन्स क्लबलगायत दर्जनौं सामाजिक सङ्घ संस्थामा आवद्ध भई नेतृत्वदायी भूमिकामा रहिसक्नुभएको छ।


**हातधुने बानी बसालौं, संक्रमणबाट जोगिऔं**

साबुनपानीले मिचिमिचि हात धोऔं।

◆हत्केला पछाडि, औंलाको बीच, नङभित्र लगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।

◆सफा कपडा वा तौलियाले हात पुछौं।

जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड





# पोखरा स्पोर्टस् अवार्डको २०७८ को आय व्यय सार्वजनिक

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ भदौं**

छैटौं संस्करणको पोखरा स्पोर्टस् अवार्ड २०७८ को आय व्यय सार्वजनिक गरिएको छ । आयोजक नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले मंगलबार पोखरा रंगशालामा एक कार्यक्रम आयोजना गरेर आय व्यय सार्वजनिक गरेको हो ।




पोखरा स्पोर्टस् अवार्ड २०७८ मा कुल २२ लाख ९ हजार १ सय ६३ रुपैयाँ आम्दानी भएको मञ्चकी कोषाध्यक्ष एवं आर्थिक व्यवस्थापन उपसमिति संयोजक कविता घर्ती मगरले जनाइन् । १८ लाख ३४ हजार २ सय ८७ रुपैयाँ खर्च भएर कुल ३ लाख ७४ हजार ८ सय ७६ रुपैयाँ बचत भएको उनले बताइन् । अझै विभिन्न व्यापारिक प्रतिष्ठान तथा व्यक्तिबाट २ लाख ३९ हजार रुपैयाँ संकलन हुने क्रममा रहेको तथा सो मध्ये १ लाख ३ हजार १ सय २३ रुपैयाँ भुक्तानि गर्न बाँकी रहेका उनले खुलाइन् । मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा भएको कार्यक्रममा निवर्तमान अध्यक्ष एवं सल्लाहकार एकराज गिरी, नेपाल पत्रकार महासंघ कास्कीका कार्यबहाक अध्यक्ष रामप्रसाद तिमिल्सिना, जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख प्रकाश बराल, मञ्चका उपाध्यक्ष सुरज श्रेष्ठ, महासचिव राजाराम पौडेल, सचिव शशी कुमार पौडेल र कोषाध्यक्ष कविता घर्तीमगरले बोलेका थिए । मञ्चले २०७२ सालदेखि पोखरामा निरन्तर स्पोर्ट्स अवार्ड कार्यक्रम गर्दै आएको छ । छैटौं सस्करणको अवार्ड कार्यक्रममा वर्ष पुरुष/महिला खेलाडी घोषित भई प्रदिप खड्का र अरुणा शाहीले एक-एक थान ईलेक्ट्रिक स्कुटर प्राप्त गरेका थिए । लाइफटाइम अचिभमेन्ट अवार्डबाट पूर्व राष्ट्रिय बक्सिङ खेलाडी गणेश बहादुर भट्टराईलाई सम्मान गरिएको थियो । यस्तै वर्ष उत्कृष्ट उदीयमान खेलाडी विधामा टेनिसका दर्शिल श्रेष्ठ, वर्ष उत्कृष्ट प्रशिक्षकमा टेनिसका निरज थापा, वर्ष उत्कृष्ट खेल संघबाट तेक्वान्दो संघ गण्डकी प्रदेश र वर्ष उत्कृष्ट खेल पत्रकारको अवार्ड कान्तिपुरकर्मीले दीपक परियारले प्राप्त गरेका थिए । अवार्ड कार्यक्रममा गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, एम ए कस्ट्रक्सन प्रालि, सहारा क्लब पोखरा, नेपाल भूतपुर्व खेलाडी मञ्च, तमु धिं युके, पोखरा रामबजार निवासी स्वा सेनानी हेमबहादुर पुनको स्मृतिमा परिवारजनको सहयोग, पोखरेली मञ्च युके, निसीखोला गाउँपालिका बाग्लुङ, चिलिलबार एण्ड रेष्टुरेन्ट, टाइगर गुप्र अफ पोखरा, फिस्टेल हस्पिटल, युनाइटेड क्लब, अमेरिकाबाट सरिता गुरुङ ९अमेरिका०, पूर्व अध्यक्ष मोहन घले, पूर्व अध्यक्ष प्रेमनारायण न्यौपाने, पोखरा पर्यटन परिषद्, पोखरा यूनाइटेड क्लव, हिमालयन क्लव लामाचौर, नवआर्दश सामुदायिक विकास समाज, लामाचौर, एन्फा कास्की, व्याडमिन्टन संघ कास्की, सिर्जना विकास केन्द्र, मनकामना पेट्रोलपम्प, सितलज्योती युवा क्लब, लाइफकेयर डाईग्नोस्टिक्स एण्ड रिर्सच सेन्टर, कास्की जिल्ला टेनिस संघ, नेपाल मुवाथाई केन्द्रिय उपाध्यक्ष दीपक गोदार, नेपाल क्यूकोसिन कान कराते संघ, नेपाल हवाई खेलकुद संस्था (ना), सुनगाभा न्युज, सिटीवान टेलिभिजन, परिचय एड्भर्टाइजिङ, सिटीजन फर्निचर, साइमन पार्टी प्यालेस, वल्र्डलिंक, स्टेशन गैह्रापाटन, गण्डकी एण्ड धौलागिरी सप्लायर्स प्रालि, वर्ल्ड लिंक, होटल पौवा लेकसाइड, लगायतले सहयोग गरेको मञ्चले जनाएको छ ।

कार्यक्रमलाई भब्यताका साथ सम्पन्न गर्न तन, मन र धनसहित विभिन्न तवरले सहयोग गर्नुहुने सम्पूर्ण सहयोगी मनहरुप्रति मञ्चले आभार व्यक्त गरेको छ । मञ्च समग्र खेल क्षेत्रको प्रर्वद्धन, खेलाडीहरुलाई हौसला तथा खेलकुद पत्रकारहरु एकीकृत भई अघि बढ्ने ध्ययेका साथ आजभन्दा झण्डै २२ वर्षअघि स्थापना भएको थियो ।

# हिकमत भए एघारौ पटक ताल बाराही मन्दिर गुठी ब्यवस्थापन समितिको अध्यक्ष

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ भदौं**

पोखरा महानगर पालिका वडा नं-६ बैदाममा अवस्थित ताल बाराही मन्दिरको गुठी ब्यवस्थापन समितिको अध्यक्षमा हिकमत बहादुर कुवँर निर्वाचित भएका छन । सोमबार भएको मन्दिरको २६ साधारण सभा तथा १३ अधिबेशनले कुवँर लाई एघारौ पटकका लागि पुन अध्यक्षमा सर्वम्मत चयन गरेको हो । १४ सदस्यीय समितिको कार्यकाल आगामि ३ बर्षका लागि रहने छ। समितिको महिला उपाध्यक्षतामा जुना अधिकारी, पुरुष उपाध्यक्षमा प्रशुराम शर्मा पहारी सचिबमा धुव्र बराल र कोषाध्यक्षमा निर्मल खत्री, सह-सचिब पुरुष महेश्वर पहारी र महिलामा मिना ढकाल चयन भएका निर्वाचन मण्डलका अध्यक्ष जगत बहादुर पहारीले जानकारी दिए। त्यसैगरी सदस्यहरुमा क्षितिज पहारी, अनिल पहारी, ओमनाथ पहारी, कलावति सापकोटा, पार्वती बोगटी, लक्ष्मी खाती र धन विक्रम ढकाल चयन भएका छन । जगत बहादुर पहारी, चुडामणि पहारी, हरिकृष्ण पहारी, प्राध्यापक चन्द्रनाथ अधिकारी र निर्मल पहारी सदस्य रहेको निर्वाचन मण्डलले निर्वाचित पदाधिकारीहरु लाई सपथ ग्रहण गराई निर्वाचन सम्पन्न गरेको थियो । राष्ट्रिय गुठी ब्यवस्थापन समितिको विधान अनुसार पोखरा महानगर पालिका वडा समितिको कार्यालय वडा नं-६ र मालपोत कार्यालय कास्की पदेन सदस्य रहने गरि समाबेशि ब्यवस्थापन समिति बनाईएको उपाध्यक्ष प्रशुराम शर्मा पहारीले जानकारी दिए । यस अघि कार्यक्रमको उद्घाटन गर्दै कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगरपालिका वडा वडा नं-६ का कार्यवाहक अध्यक्ष बासु बरालले मन्दिर देवस्थल रास्ट्रका अमूल्य सम्पत्ति भएको बताउदै यिनीहरुको रेखदेख र मर्मत संभारमा राष्ट्रले उचित ब्यवस्था गर्नुपर्ने बताए । बरालले ‘तालको बिच भागमा मन्दिर विश्वको कुनै पनि ठाउँमा विरलै देख्न पाइन्छ’ भन्दै पोखराको गहना रुपमा रहेको देवीको मन्दिरलाई संरक्षणमाका लागि हामी सवै लाग्नु पर्नेमा जोड दिए । अध्यक्ष हिकमत बहादुर कुवँरले गुठी ब्यवस्थापन समिति, वडा कार्यालय समिति वडा नं ६, मालपोत कार्यालय कास्की, डुङ्गा ब्यवसायी समिति र पुजारी सहित सारोकारवालाहरुको भेला गरि गुठी संस्थान र पुरातत्व विभागको इन्जिनियरहरुको सयुक्त रुपमा गरिएको सुपरिवेक्षण तथा निरिक्षणको क्रममा मन्दिर तिन इन्च उत्तर तर्फ ढल्लकेको प्रतिबेदन तयार पारेको बताउदै निकट भविष्यमा मन्दिरलाई पुरातत्व बिभाग द्धारा पुननिर्माण गर्ने जानकारी पाएको बताए । कुवँरले मन्दिरलाई मौलिक र कलात्मक ढाचामा बनाउन्न आफुले नेपाल सरकार अन्तरगत रहेको पुरातत्व बिभाग समक्ष आग्रह गरेको सुनाए । उनले अग्रजहरुको सल्लाह र सुझाबलाई मनन गर्दै अगाडी बढ्ने प्रतिबद्धता समेत ब्यक्त गरे । अध्यक्ष हिकमत बहादुर कुवँरको सभाअध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष प्रशुराम शर्मा पहारी, सचिब धुर्व बराल, सल्लाहकार चुडामणि पहारी, सल्लाहकार बुद्धि बहादुर नेपाली र पुजारी निर्मल पहारीले लगाएतका वक्ताहरुले धार्मिक पर्यटकीय संस्कृति रहेको ताल बाराही भगवति मन्दिरको पुननिर्माण सहित सम्बर्द्धन गर्न छिटोभन्दा छिटो नेपाल सरकार र प्रदेश सरकारले ध्यान दिनु पर्नेमा जोड दिएका थिए । सचिब धुव्र बराल र कोषाअध्यक्ष प्रेमराज पहारीले प्रस्तुत गरेका प्रगति र आर्थिक प्रतिबेदन सभाले सर्वसम्मत पारित गरेको थियो ।



# नवौँ राष्ट्रिय खेलकुदका लागि तनहुँमा भदौ ९ गतेदेखि खेलाडी छनोट

**पोखरापत्र संवाददाता**
**दमौली, ७ भदौं**

गण्डकी प्रदेशको पोखरामा हुने नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि जिल्ला खेलकुद विकास समितिले यही भदौ ९ गतेदेखि जिल्लास्तरीय खेलाडी छनोट गर्ने भएको छ ।

जिल्लाका विभिन्न ठाउँमा खेल सञ्चालन गरी सो प्रतियोगिताका लागि खेलाडी छनोट गरिने समितिका अध्यक्ष अनिल पाण्डेले जानकारी दिनुभयो । राष्ट्रिय खेलकुद परिषद्बाट तोकिएका ३६ खेलमध्ये १४ खेलको विशेष प्रशिक्षण र २२ खेलको प्रतियोगिता नै सञ्चालन गरी खेलाडी छनोट गरिने उहाँले बताउनुभयो । भदौ ९ गते उसुको घिरिङमा, बक्सिङको खैरेनीटारमा र भदौ ९ गते नै क्रिकेटको निर्मल माविमा खेल सञ्चालन गरिने जनाइएको छ । त्यस्तै भदौ १० गते फुटबल, भलिबल, ब्याडमिन्टन, एथ्लेटिक्स, कबड्डीको दमौली र तेक्वान्दोको खैरेनीटारमा खेल सञ्चालन गरिनेछ । भदौ ११ गते भलिबल, बास्केटबल, टेवलटेनिस, बुद्धिचाल र कराँतेको दमौलीमा, आइटिएम तेक्वान्दोको भिमाद र फुल कन्ट्याक्ट करातेको शुक्लागण्डकीमा खेल सञ्चालन हुने कार्यतालिका सार्वजानिक गरिएको छ । करिब चार दशकपछि गण्डकी प्रदेशले राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजना गर्ने अवसर प्राप्त गरेको छ । विसं २०४० मा दोस्रो संस्करणको आयोजनापछि पोखरालाई नवौँ संस्करण आयोजनाको मौका मिलेको हो । राष्ट्रिय खेलकुदमा दुई प्रदर्शनसहित ३८ खेल सञ्चालन हुनेछन् । अधिकांश खेल पोखरामा र केही खेल पोखरा बाहिर गर्ने तयारी छ । प्रदेशका ११ वटै जिल्लामा कम्तीमा एक खेल सञ्चालन गर्ने योजना बनाइएको छ । यसै गरी प्रतियोगिताअन्तर्गत गण्डकी प्रदेशका प्रत्येक जिल्लामा कम्तीमा एउटा खेल खेलाउने तयारी गरिएको छ । यसका लागि तनहुँमा बास्केटबलको सम्भावना छ । व्यास नगरपालिका-१ स्थित निर्मल माध्यमिक विद्यालयमा खेलकुद परिषद्कै सहयोगमा मापदण्डअनुसारको बास्केटबल कोर्ट निर्माण गरिएको अध्यक्ष पाण्डेले बताउनुभयो ।

प्रतियोगिताअन्तर्गत गठित खेल व्यवस्थापन उपसमितिलाई पनि सोही सुझाव दिइएको जनाइएको छ । गण्डकी प्रदेशमा हुन लागेको नवौँ खेलकुद प्रतियोगिता सफल पार्नु सबै प्रदेशवासीको जिम्मेवारी भएको जनाउँदै तनहुँ पनि उक्त जिम्मेवारी पूरा गर्न प्रतिबद्ध रहेको अध्यक्ष पाण्डेले बताउनुभयो ।

## गाई...

इन्दिरा कोइराला, कलाकार नगेन सिंह, एकेडेमीका अध्यक्ष ज्योति हमाललगायतले गाईको महत्वलाई उजागर गर्न नसक्दा यसको अस्तित्व नै सङ्कटमा पर्दै गएको धारणा व्यक्त गर्नुभयो ।

शिशु निकेतन स्कुलकी कक्षा ४ मा अध्ययनरत छात्रा रुक्साङ पुनले माटोबाट तयार गर्नुभएको गाईको मूर्ति विश्व हिन्दू महासङ्घका अध्यक्ष अधिकारीलाई हस्तान्तरण गरिएको थियो ।

## आगामी...

गण्डकी प्रदेशको इञ्चार्ज बाहेक सबै प्रदेशका इञ्चार्जले प्रदेशमा पार्टीको अवस्था, साङ्गठनिक गतिविधि, कस्तो छ भनेर रिपोर्टिङ गर्नुभएको गुरुङले बताउनुभयो ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको ठोस योजना बनाउनका लागि पार्टीले मंगलबारदेखि भदौ १२ गतेसम्म स्थायी, पोलिटब्युरो, केन्द्रीय कमिटी बैठक र केन्द्रीय निर्वाचन परिचालन कमिटीको बैठकको आयोजना गरेको हो ।

# गठबन्धन दलबीच सहमतिमै उम्मेदवार : नेता श्रेष्ठ

**पोखरापत्र संवाददाता**
**दमौली, ७ भदौं**

नेकपा एकीकृत समाजवादीका केन्द्रीय सदस्य एवं सांसद कृष्णकुमार श्रेष्ठले गठबन्धन दलबीचको सहमतिमै तनहुँ क्षेत्र नं १ मा उम्मेदवार तय हुने बताउनुभएको छ ।



मंगलबार यहाँ आयोजित पत्रकार भेटघाटमा सांसद श्रेष्ठले तनहुँ क्षेत्र नं १ मा उम्मेदवारीका विषय धेरै चर्चा भएकाले सहमतिमै गठबन्धनबाट उम्मेदवार तय गरिने बताउनुभयो । उहाँले भन्नुभयो, “राजनीतिक दलबीच पहिला भएको सहमति अनुसार ज-जसले जहाँबाट जितेको छ त्यहीँबाट उम्मेदवारी दिने भनिएकाले तनहुँ-१ मा मेरो दाबी स्वभाविक हो ।”

आफू पार्टीको इमानदार सिपाही भएकाले पार्टीले भनेको मान्नुपर्ने बताउँदै उहाँले भन्नुभयो, “पार्टीले कञ्चनपुर, बारा, झापा गएर निर्वाचन लड्न भने पनि तयार नै छु ।” उहाँले गठबन्धनलाई थप बलियो बनाएर लैजानुपर्ने अहिलेको आवश्यकता रहेको औंल्याउनुभयो । उहाँले भन्नुभयो, “धेरै त्याग तपस्या गरेर गठबन्धन बनायौँ, यसलाई निरन्तर अगाडि लैजानुछ ।”

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सूक्तिसुधा

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशालाई जन्माउँछ ।
- विदुरनीति

## सम्पादकीय

# विधायकले गर्न नहुने काम

निर्वाचन मिति घोषणा भएपछि प्रदेश १ र गण्डकी प्रदेशले निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम सञ्चालन गर्ने तयारी गरेपछि आयोगले लागू नगर्न निर्देशन दिएको छ । आयोगले प्रदेश १ र गण्डकी प्रदेश सरकारसँग स्पष्टीकरण मागेको छ । आगामी मंसीर ४ गते निर्वाचन घोषणा भइसकेको तथा प्रतिनिधि सभा र प्रदेश सभाका सदस्यको पदावधि सकिन लागेको वेला निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम सञ्चालन गर्न लागेकोमा ध्यानाकर्षण भएको जनाएको छ ।

आयोगले प्रदेश १ सरकारलाई पत्र पठाउँदै भनेको छ, प्रदेश सरकारबाट 'प्रदेश निर्वाचन क्षेत्र विशेष कार्यक्रम (सञ्चालन) कार्यविधि, २०७९' बमोजिमका प्रक्रिया अगाडि बढाइएको अवस्था भए उक्त कार्यविधि बमोजिम अघि बढाइएका प्रक्रिया तत्काल स्थगित गर्न निर्देशन दिएको छ । आयोगले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश १, प्रदेश १ का मुख्यमन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश १ का प्रमुख सचिवले तत्काल स्थगित गरी सोको जानकारी यथाशीघ्र निर्वाचन आयोगलाई गराउनुका साथै आसन्न निर्वाचन सम्पन्न नभएसम्म उक्त कार्यक्रम कार्यान्वयन नगर्ने नगराउने ।' ठाडो निर्देशन गरेको छ । निर्वाचन क्षेत्र पुर्वाधार कार्यक्रम राजनीतिक भागबन्ड हुने भनी विरोध हुने गरेको छ ।

सांसदहरूलाई विधायिका भन्दा विकासे योजनामा बढी केन्द्रीत हुने गरेको आरोप खेप्नुपरेको छ । यो कार्यक्रम काम भन्दा विरोध बढी हुने गरेको प्रति सांसदहरूले हल्का तरिकाले हेर्ने हुँदैन । नीति कार्यक्रममा नपरेको र बजेट भाषणमा पनि नपरेको निर्वाचन क्षेत्र पुर्वाधार कार्यक्रम पछि थपिएको गण्डकी प्रदेश सरकारलाई पनि निर्वाचन आयोगले तत्काल स्थगन गर्न निर्देशन दिएको छ । नागरिक तहबाट चर्को विरोध भएको कार्यक्रम चुनाव लक्षित थियो । अझ सत्ता गठबन्धन र प्रतिपक्षीबीचमा विभेदकारी थियो ।कुचोले बढार्नुपर्ने कसिङ्गर हावाले उडायो भने जस्तै आयोगले गरिदिएको छाआयोगको पत्रमा भनिएको छ, 'प्रदेश सरकारको आव २०७९/८० को बजेट तथा कार्यक्रममा समावेश भएको 'पूर्वाधार विकास कार्यक्रम' प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन सम्पन्न नभएसम्म स्थगन लिखित निर्देशन दिएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश, गण्डकी प्रदेशका मुख्यमन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय र गण्डकी प्रदेशका प्रमुख सचिवले कार्यान्वयन नगर्ने नगराउने ।भनी लिखित निर्देशन दिए चुनावमा मत माग्न योजना देखाउने बाटो हाललाई रोकिएको छ । चुनावपछि आउनेलाई कार्यक्रम ल्याउन रोकेको छैन । राजनीतिक दलका कार्यकर्ता र जनप्रतिनिधिलाई विवादमा पार्ने काम रोकेर विधायकको भुमिकामा बढी केन्द्रीत हुने अवस्था सृजना गर्नु अहिलेको माग हो ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : सहयोग मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मन चञ्चल | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# तीज पर्वमा भड्किलो नगर्न प्रशासनको आग्रह

पोखरापत्र संवाददाता
तनहुँ, ७ भदौ

हिन्दू महिलाहरूको महान चाड हरितालिका तीजको अवसरमा भड्किलो गरी नमनाउन यहाँको जिल्ला प्रशासन कार्यालय तनहुँले आग्रह गरेको छ । प्रशासनले पर्व मनाउने नाममा भड्किलो र खर्चिलो नबनाउन सूचना जारी गरी जिल्लाबासीलाई जानकारी गराएको हो ।

कुनै पनि खालका खर्चिला तथा महँगा गतिविधि नगर्नका लागि सार्वजनिकरूपमै जानकारी गराइएको सहायक प्रमुख जिल्ला अधिकारी काशीराम गैरेले जानकारी दिनुभयो ।

पर्व मनाउने नाममा अत्यन्त खर्चिलो र भड्किलो कार्यक्रम गर्ने गरेको भन्ने गुनासो आएसँगै आफ्नो परम्परा, सामाजिक रीतिरिवाजअनुरूप मनाउन आग्रह गरिएको उहाँले बताउनुभयो ।

# वाइसिएलले छान्यो नयाँ नेतृत्व

रासस
काठमाडौं, ७ भदौ

नेकपा(माओवादी केन्द्र)को सहायक सङ्गठन वाइसिएल नेपालको दोस्रो राष्ट्रिय भेलाबाट निर्वाचित नयाँ नेतृत्वले आज पद तथा गोपनीयताको शपथ लिएको छ ।

मंगलबार आयोजित एक समारोहमा वाइसिएलका इञ्चार्ज रामप्रसाद सापकोटाले नवनिर्वाचित अध्यक्षसहित केन्द्रीय सदस्यलाई पद तथा गोपनीयताको शपथ गराउनुभयो ।

यही भदौ ३ गते शुक्रबारदेखि सुरु भएको वाइसिएलको दोस्रो भेला यही भदौ ५ गते आइतबार अबेर सम्पन्न भएको थियो । भेलाले वाइसिएलको अध्यक्षमा सुबोधराज शेर्पालीलाई निर्वाचित गरेको थियो । भेलाले ६१ सदस्यीय पदाधिकारी र तीन सय ५१ सदस्यीय केन्द्रीय समिति निर्वाचित गरेको इन्चार्ज सापकोटाले जानकारी दिनुभयो । नवनिर्वाचित वरिष्ठ उपाध्यक्षमा ज्ञानेन्द्रबहादुर गुरुङ, उपाध्यक्षमा गोगन मल्ल, मञ्जु बम, मिङ्माडन्डु शेर्पा, केहरसिंह कुँवर, ज्ञानेन्द्रबहादुर ढुङ्गाना, उमेश घोरासैनी हुनुहुन्छ ।

यस्तै, महासचिवमा गणेश शाही, उपमहासचिवहरूमा पुष्प ओली, मीनबहादुर घर्ती, एबिराज राई, दिलबहादुर थापा, रतनबहादुर शाही र रेशम महरा हुनुहुन्छ । त्यस्तै, सचिवमा हरि ढकाल, नवीन खड्कासहित ४५ जना रहेका छन् भने कोषाध्यक्षमा सन्तोष पनेरु निर्वाचित हुनुभएको छ । आगामी मङ्सिर ४ गतेका लागि तय भएको सङ्घीय तथा प्रदेशसभाको निर्वाचनलाई भव्यरुपमा सम्पन्न गराउन तत्कालै जनपरिचालन तथा युवा परिचालनको कार्यक्रम सुरु गरिने वाइसिएलले जनाएको छ । सङ्गठन विस्तार, हरेक वडा वडामा वाइसिएल तथा राजनीतिका अलावा सामाजिक सुधार र जागरणको क्षेत्रमा समेत काम गर्ने गरी भेलाले विशेष प्रस्ताव पारित गरेको उपमहासचिव पुष्प ओलीले जानकारी दिनुभयो ।

# मनाङमा सूचना विभागको घुम्ती शिविर

पोखरापत्र संवाददाता
मनाङ, ७ भदौ

हिमाली जिल्ला मनाङमा पहिलो पटक नेपाल सरकार सूचना तथा प्रसारण विभागले घुम्ती शिविर सञ्चालन गरेको छ । विभागले नेपाल पत्रकार महासङ्घ मनाङ शाखाको सहकार्यमा हिमाली जिल्ला मनाङको सदरमुकाम चामेमा दुई दिने घुम्ती शिविर गरेको हो । घुम्ती शिविरमार्फत सञ्चारकर्मीको क्षमता अभिवृद्धि गराउने उद्देश्यले विभागको टोलीले मनाङ पुगी तालिम सञ्चालन गरेको हो । शिविरमा पत्रकारलाई नयाँ परिचयपत्र तथा अनलाइन मिडियाको दर्ता र नवीकरण सेवासमेत दिइएको सूचना विभागका महानिर्देशक गोगनबहादुर हमालले जानकारी दिनुभयो ।

जिल्लाका पत्रकारका लागि पत्रकार क्षमता अभिवृद्धि तालिम गर्ने विभागले उल्लेख गरेको छ । दुवै कार्यक्रमका लागि सूचना विभागका महानिर्देशक गोगनबहादुर हमाल, प्रशिक्षक पत्रकार तुलाराज अधिकारी र विभागका शाखा अधिकृत वसन्तबहादुर खत्रीलगायतका प्राविधिक टोली आइतबार मनाङ आइपुगेको हो ।

टोलीले राज्यले सञ्चारकर्मीहरूको सेवा सुविधाका लागि विभिन्न कार्यक्रममार्फत सहजरूपमा पहुँच पुऱ्याउन दुर्गम क्षेत्रमा शिविर सञ्चालन गरिएको हमालले बताउनुभयो । उहाँका अनुसार दुर्गम क्षेत्रमा कार्यरत पत्रकारको क्षमता अभिवृद्धि तालिममा जिल्लामा कार्यरत पत्रकारको सहभागिता रहेको छ ।

मनाङका प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले दुर्गम क्षेत्रलाई प्राथमिकता दिए पुनर्ताजगी दिने कार्यले प्रोत्साहित भएको महसुस गरेको बताउनुभयो । "ग्रामीण क्षेत्रमा सङ्घर्ष गरेर जीविका चलाउँदै आएका पत्रकारलाई विभागले घुम्ती शिविर राखेर सहज बनाएको छ । प्रोत्साहन पनि मिलेको छ", आचार्यले भनुभयो ।

# पहिरो पीडितलाई दसैंमा नयाँ घर

पोखरापत्र संवाददाता
लमजुङ, ७ भदौ

यहाँका बाढीपहिरो पीडितले आगामी दसैंमा नयाँ घर पाउने भएका छन् । जिल्लाको मर्स्याङ्दी गाउँपालिका-३ अर्खलेगाउँका पहिरोपीडितका लागि निजी आवास निर्माणकार्य आगामी दसैं अगावै सम्पन्न हुने भएकाले दसैंबाट नयाँ घरमा बस्न पाउने भएका हुन् । दुई वर्ष अघिदेखि विस्थापित यहाँका १८ घरपरिवार हालसम्म कोही आफन्तको सहारा र कोही त्रिपाल एवं जस्तापातामुनि कष्टकर जीवन बिताउँदै आएका छन् । गाउँपालिकाका अनुसार अर्खलेबेँसी र अर्खलेबेँसी पारि मर्स्याङ्दी गाउँपालिका- ६ को लाम्पाटाबगरमा घर निर्माण भइरहेको छ । गाउँका १८ घरलाई स्थानान्तरणका लागि घर निर्माण भइरहेको र निर्माणकार्य अन्तिम चरणमा पुगेको गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङले बताउनुभयो । उक्त पीडितमध्ये लाम्पाटा बगरमा ११, अर्खलेबेँसीमा छ घर निर्माणाधीन छन् ।

# श्रीकान्त रेग्मी स्मृतिग्रन्थ लोकार्पण

पोखरापत्र संवाददाता
पोखरा, ७ भदौ




पूर्वसचिव श्रीकान्त रेग्मीको जीवनी झल्काउने स्मृतिग्रन्थ लोकार्पण गरिएको छ । रेग्मीको वार्षिक पुण्यस्मृति दिवसका उपलक्ष्यमा उक्त स्मृतिग्रन्थ तयार गरिएको हो ।

लेखक, साहित्यकार तथा स्वतन्त्र अनुसन्धाता कमल कोइरालाको सम्पादनमा प्रकाशित उक्त स्मृतिग्रन्थलाई पूर्वसभामुख तथा नेपाली काङ्ग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले एक समारोहका बीच सार्वजनिक गरे । आफ्नो गृहमन्त्रीत्व कालमा भएको सहकार्यको स्मरण गर्दै नेता पौडेलले उच्च नैतिकता र स्वच्छ कार्यकुशलता भएका प्रशासकका रूपमा आफूले श्रीकान्त रेग्मीलाई नजिकबाट चिन्ने र बुझ्ने अवसर पाएको बताए । स्मृतिग्रन्थमा नेपालको निजामती प्रशासन, राजनीति, शिक्षा, साहित्य, लेखन र पत्रकारितासँग सम्बद्ध ६ दर्जनभन्दा बढी लेखकहरूका संस्मरणात्मक लेखरचनाहरू समेटिएका छन् । स्मृतिग्रन्थभित्र रेग्मीको विस्तृत जीवनी झल्काउने छुट्टै खण्डसमेत समावेश गरिएको छ ।

स्याङ्जाको गेझवासमा जन्मिएर प्रशासनतर्फको शाखा अधिकृतबाट वि.सं. २०३४ मा निजामती सेवामा प्रवेश गरेका स्वर्गीय रेग्मी उपसचिव, सहसचिव, विशेष सचिव हुँदै गृहसचिव भएर काम गरेका थिए । बारा, झापा र सर्लाही जिल्लाको प्रमुख जिल्ला अधिकारीसमेत भएर काम गरेका रेग्मीले देशमा सशस्त्र द्वन्द्व चरमोत्कर्षमा पुगेका वेला गृहप्रशासनको नेतृत्वसमेत सम्हालेका थिए । उनी सशस्त्र प्रहरी बलका संस्थापक तथा प्रमुख अवधारणाकारसमेत हुन् । रेग्मीले शान्ति समिति तथा मानपदवी र विभूषण पुनरावलोकन समितिमा रहेसमेत कार्य गरेका थिए । मुख्यसचिवको प्रतिस्पर्धामा वरीयताक्रमको पहिलो नम्बरमा रहेका रेग्मीलाई तत्कालीन सरकारले २०५९ सालमा मुख्यसचिव नबनाई तेस्रो वरीयताका सचिवलाई मुख्यसचिवमा नियुक्त गरेको थियो । त्यसपछि आफ्नो मानमर्दन गरिएको भन्दै उनले आफ्नो पदबाट राजीनामा दिएका थिए । सिद्धहस्त लेखक तथा स्तम्भकारका रूपमा समेत परिचय बनाएका स्वर्गीय रेग्मीका विभिन्न राष्ट्रिय दैनिकमा समसामयिक राजनीति र सार्वजनिक प्रशासनसम्बन्धी सयौं लेखहरूसमेत प्रकाशित छन् । मधुमेह र मिर्गौलासम्बन्धी असाध्य रोगबाट ग्रसित रेग्मीको वि.सं. २०७८ भाद्र १७ गते देहावसान भएको थियो । रेग्मीका श्रीमतीसहित दुई छोरा रहेका छन् ।

स्मृतिग्रन्थ लोकार्पण समारोहमा पूर्वसांसद तथा श्रीकान्त रेग्मीका सहोदर दाजु तथा राष्ट्रिय सभाका पूर्वसांसद खगेन्द्रराज रेग्मी, पूर्वउपप्रधानमन्त्री गोपालमान श्रेष्ठ, पूर्वमन्त्री दीनबन्धु अर्याल, नेपाली काङ्ग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्मा, पूर्वमुख्यसचिव डा. विमलप्रसाद कोइराला, पूर्वराजदूत डा. मदनकुमार भट्टराई, पूर्वसचिवद्वय खेमराज रेग्मी र विश्वप्रकाश पण्डित, वरिष्ठ पत्रकारद्वय ध्रुवहरि अधिकारी र पुरुषोत्तम दाहाल तथा स्मृतिग्रन्थका सम्पादक कमल कोइरालाले श्रीकान्त रेग्मीको बहुआयामिक व्यक्तित्वका विभिन्न पक्षका बारेमा चर्चा गरेका थिए । हक्की, स्वाभिमानी र क्षमतावान् प्रशासकको पहिचान बनाएका रेग्मीको व्यक्तित्व र कृतित्वलाई उजागर गर्दै भावी पिँढीका लागि पठनीय दस्तावेज निर्माण गर्ने उद्देश्यले स्मृतिग्रन्थ प्रकाशन गरिएको सम्पादक कमल कोइरालाले बताए । विगत दुई दशकदेखि अनुसन्धान र लेखनमा क्रियाशील कोइरालाको सम्पादनमा विभिन्न राष्ट्रिय स्तरका व्यक्तित्वहरूका एक दर्जनभन्दा बढी स्मृतिग्रन्थहरू प्रकाशित भइसकेका छन् ।

# थप छ सय ३४ मा कोरोना संक्रमण पुष्टि

रासस
काठमाडौं, ७ भदौ

देशभर पछिल्लो २४ घण्टामा थप छ सय ३४ जनामा कोभिड सङ्क्रमण पुष्टि भएको छ भने एक जनाको मृत्यु भएको छ । पछिल्लो २४ घण्टामा चार हजार नौ सय ४९ को नमूना परीक्षण गरिएको थियो । दुई हजार सात सय ५७ ले पिसिआर र दुई हजार एक सय ९२ को एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।

गत २४ घण्टामा १६ हजार छ सय ५३ ले कोभिडविरुद्धको खोप लगाएका छन् । यही अवधिमा चार सय १७ कोरोना सङ्क्रमणमुक्त भएका छन् । यससँगै सङ्क्रमण मुक्त हुनेको सङ्ख्या नौ लाख ७९ हजार सात ७४ पुगेको छ । सङ्क्रमण मुक्त हुने दर ९८ दशमलव चार प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । हाल सक्रिय सङ्क्रमितको सङ्ख्या चार हजार दुई सय २१ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार नौ सय ९४ पुगेको छ । होम आइसोलेसनमा चार हजार ४४, संस्थागत आइसोलेसन एक सय ७७, आइसियु ५२ र भेन्टिलेटरमा तीन जना सङ्क्रमित रहेका छन् ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# कालीगण्डकी नदीमा थपिँदै लामो झोलुङ्गे पुल

**पोखरापत्र संवाददाता**
**बागलुङ, ७ भदौं**

लामा र अग्ला झोलुङ्गे पुलको जिल्लाका रूपमा परिचित बागलुङ र पर्वत जिल्ला जोड्ने गरी कालीगण्डकी नदीमाथि पुनः अर्को झोलुङ्गे पुल थपिने भएको छ ।

बागलुङबाट पर्वत जोड्ने पाँच सय २३ मिटर लामो झोलुङ्गे पुल निर्माण थालिएको छ । बागलुङ नगरपालिका-४ उपल्लाचौर गौरीधामबाट पर्वत जिल्लाको जलजला गाउँपालिका-८ ओडारे जोड्ने पाँच सय २३ मिटर लामो झोलुङ्गे पुल निर्माण सुरु गरिएको हो । उक्त पुल रु सात करोड लागतमा निर्माण हुन जनाइएको छ । दुई वर्षमा निर्माण सक्ने गरी सस्पेन्सन ब्रिज डिभिजन कार्यालय काठमाडौंसँग हिमशिखर कन्ट्रक्शन निर्माण कम्पनीबीच सम्झौता भएर काम अगाढि बढाइएको छ । बागलुङ-१ रामरेखाबाट पर्वतको कुश्मा -१ अदुवाबारी जोड्ने पाँच सरय ६७ मिटर लामो झोलुङ्गे पुल निर्माण सम्पन्न भएको दुई वर्षपछि पुनः बागलुङ र पर्वत जोड्ने अर्को लामो झोलुङ्गे पुल निर्माण थालिएको हो । उक्त पुल विश्वकै एकल स्पानमध्ये लामो भएको बागलुङ नगरपालिकाले विश्व रेकर्डका लागि निवेदनसमेत दिएको छ । बागलुङको गौरीधामबाट पर्वत जिल्लाको जलजलास्थित ओडारे जोड्ने गरी कालीगण्डकी नदीमाथि निर्माण गर्न थालिएको पुल निर्माणको बागलुङ तर्फबाट जग खन्ने कार्यको थालनी गरिएको हो । बागलुङ -४ का वडाध्यक्ष कुमारविक्रम क्षेत्रीले बागलुङ बजारलाई पर्वतको जलजला गाउँपालिकासँग जोड्दा बागलुङ बजारको व्यापार- व्यवसाय बढ्ने र जलजलावासीहरू घण्टौं लगाएर बागलुङ बजार आउनुपर्ने अवस्थाको अन्त्य हुने बताउनुभयो । उहाँले पुल निर्माणका लागि बागलुङतर्फ निःशुल्क जग्गा दिने जग्गादातालाई धन्यवाद दिनुभयो ।

"जलजलाका नागरिक प्रशासनिक कामका लागि सदरमुकाम कुश्मा गए पनि व्यापारिक कामका लागि बागलुङ आउने गर्दछन्, पुल बनाएपछि एक-डेढ घण्टाको बाटो छोट्टियो", वडाध्यक्ष खड्काले भन्नुभयो, "पुल निर्माणसँगै बागलुङ र पर्वत जिल्लाको पर्यटन क्षेत्रको समेत विकास हुनेछ ।" पुल निर्माणका लागि विसं २०७९ जेठमा निर्माण कम्पनीसँग सम्झौता भएको थियो । पुल निर्माणका लागि बागलुङतर्फको झण्डै छ आना जग्गा निःशुल्क दिएका जग्गादाता राजेन्द्रबहादुर जिसीले जानकारी दिनुभयो । "विकासका लागि बाधक बन्नु हुँदैन भन्ने लाग्यो मैले आफ्नो जग्गाबाट पुल बनाउन दिएँ", पुल निर्माणपछि यहाँको पर्यटन व्यवसाय फस्टाउने उहाँले भन्नुभयो, "आफूले व्यावसायिक केराखेती मासेर पुल बनाउन जग्गा दिएको छु, पुल निर्माणपछि बागलुङको व्यवसाय थप फस्टाउनेछ ।"

# मुस्ताङमा स्याउ उत्पादन बढ्यो

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ७ भदौं**

मुस्ताङबाट निकासी हुने प्रमुख फलफुल स्याउको उत्पादन यसवर्ष बढेको छ । गत वर्षको तुलनामा यसवर्ष स्याउ उत्पादन १५ प्रतिशतले बढ्ने अनुमान गरिएको कृषि ज्ञान केन्द्रले जनाएको छ । केन्द्रका प्रमुख प्रकाश बस्ताकोटीले अनुकूल मौसम रहेको, रोगकीराको समस्या कम नदेखिएको र बगैंचा व्यवस्थापन र क्षेत्रफल विस्तार भएकाले स्याउ उत्पादन बढेको बताउनुभयो ।

"यसपाली वर्षा र रोगकीराको समस्या कम भएकाले उत्पादकत्व बढेको छ," उहाँले भन्नुभयो "स्याउका लागि वर्षात् कम भएको मौसम अनुकूल मानिन्छ । नयाँ बोटमा फल लाग्न थालेकाले उत्पादन वृद्धिमा सहयोग पुगेको हो ।" रङ चढेको र गुलियो पसेर खानयोग्य भएको उच्च घनत्वको गाला जातको स्याउ टिप्न थालिएको छ । स्थानीय जातका स्याउ भने भदौ २५ गतेपछि मात्र टिप्ने किसान प्रतिनिधि, स्थानीय तह, कृषि ज्ञान केन्द्र र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको स्याउ जोनले निर्णय गरेका छन् । नपाक्दै काँचो स्याउ बजारमा पुऱ्याउँदा स्वादिलो नहुने र गुणस्तरमा प्रश्न उठेपछि स्याउ टिप्ने समय तालिका बनाएका हुन् । थासाङ गाउँपालिका-२ कोवाङका वसन्त शेरचनले स्याउमा लाग्ने रोगको सङ्क्रमण नदेखिएको र फल राम्रो लागेको बताउनुभयो । "मौसम राम्रो भयो, रोगकीरा देखिएको छैन," उहाँले भन्नुभयो "राम्रो फल लागेको छ । पाक्न थालेको छ ।" थासाङ-१ टुकुचेको आइपिएम एप्पल फार्मका सञ्चालक नीरज तुलाचनले व्यापारीले अग्रिम पेश्की दिएर बोटमै स्याउ खरिद गरिसकेका बताउनुभयो । तुलाचनले कृषि ज्ञान केन्द्रको रु पाँच लाख र व्यक्तिगत १५ लाखमा विसं २०७६ मा १४ रोपनी ११ आना क्षेत्रफल जग्गामा एक हजार बिरुवा उच्च घनत्व प्रविधिको स्याउ खेती गर्नुभएको थियो । "बगैंचानै ठेक्कामा लिएका व्यापारीले पाकेको स्याउ टिपेर बजारमा लैजाने तयारी गरेका छन्," उहाँले भन्नुभयो "व्यापारी बगैंचामै आउने भएकाले बजारको समस्या छैन ।" म्याग्दी, पोखरा, धादिङ, काठमाडौं, चितवनका ब्यापारी बगैंचानै ठेक्कामा लिएर स्याउ खरिद गर्न मुस्ताङ पुगेका छन् । कृषि ज्ञान केन्द्रका अनुसार मुस्ताङमा ३८ हेक्टरमा उच्च घनत्व प्रविधिकोसहित कूल एक हजार ५७५ हेक्टर जमिनमा स्याउ खेती भएको छ । छिटो र धेरै उत्पादन दिने भएकाले उच्च घनत्वको स्याउ खेतीमा आकर्षण बढेको छ । यहाँका ५८० हेक्टरमा रहेका बोटले मात्र उत्पादन दिन्छन् ।

उच्च घनत्व प्रविधिमा आधारित गाला, फुजी, किङरुट, गोल्डेन डेलिसियस र जोना प्रिन्स गरी पाँच जातका स्याउ बिरुवा रोपिएको छ । गण्डकी प्रदेशको कृषि निर्देशनालयले मुस्ताङमा इटालीबाट आयात गरिएका ९८ हजार ५०० गोटा उच्च घनत्वका स्याउ बिरुवा ७५ प्रतिशत अनुदानमा वितरण गरिसकेको छ ।

स्याउ जोन मुस्ताङले १८ हजार ५०० गोटा उच्च प्रविधिको स्याउको बिरुवा पचास प्रतिशत अनुदानमा वितरण गरेको छ । स्याउ भण्डारण गरेर बेमौसममा बजार पठाउन छ वटा चिस्यानगृह बनाएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका कृषि अधिकृत विक्रम बस्यालले बताउनुभयो ।

समुद्री सतहदेखि करिब दुई हजार ५०० मिटर अग्लो उचाइ भन्दामाथि स्याउखेती गरिन्छ । मुस्ताङका पाँचवटै स्थानीय तहमा स्थानीय रेडडेलिसियस, रोयल डेलिसियस, रिचारेड डेलिसियस र गोल्डेन डेलिसियस जातका स्याउ खेती भएको छ ।

उत्पादन भएको ८० प्रतिशत स्याउ देशका विभिन्न सहरमा निकासी हुन्छ । मुस्ताङ घुम्न जाने पर्यटक, तीर्थयात्रीले स्याउ कोसेलीका रूपमा लैजान्छन् । साना दाना भएका बजारमा बिक्री नभएको स्याउलाई किसानले ब्रान्डी, जुस, जाम, सुकुटी बनाउँछन् । स्याउ प्रशोधन गरेर मदिरा बनाउने छ वटा उद्योग छन् ।

# बागलुङको भकुण्डेमा किबी खेती फस्टाउँदै

**पोखरापत्र संवाददाता**
**बागलुङ, ७ भदौं**

बागलुङ नगरपालिका-१० भकुण्डेका हर्कबहादुर थापाले लगाएको किबीको एउटा बोटमा मात्रै गत वर्ष एक सय ५० किलो फल्यो । थापाले बारीमा पाँच बोट मात्रै किबी लगाउनुभएको छ । पाँच बोटमै वार्षिक पाँच सय किलो किबी फल्ने गरेको उहाँ बताउनुहुन्छ ।

मलजल र थाक्रो भएमा एउटै बोटमा धेरै किबी फलाउन सकिने थापाको अनुभव छ । "पहिला किबी परीक्षणका लागि लगाए, अब अन्य स्थानमा खेती विस्तार गर्ने योजनामा छु", उहाँले भन्नुभयो । अहिले भकुण्डेमा थापासहित अन्य किसानले व्यावसायिकरूपमा किबी खेती गर्दै आएका छन् । पछिल्लो समय किबी खेती गर्ने किसानको सङ्ख्यामा बढ्दै गएको छ । काँटछाँट र उचित हेरचाह गर्नसके मनग्य आम्दानी गर्न सकिने किसान बताउँछन् ।

पर्यटकीय गाउँका रूपमा परिचित भकुण्डेको उपल्लो भागमा घरबास (होमस्टे) फस्टाउँदै गएको छ । सोही क्षेत्रमा किबीको सफल उत्पादन भइरहेको छ । पाहुनाले किबी रुचाउने गरेकाले बजारको समस्या नभएको अतिथि सत्कार घरबासका सञ्चालक इन्द्रकुमारी थापाले बताउनुभयो । भकुण्डेमा फस्टाउन थालेको किबी खेतीलाई प्रोत्साहन गर्ने खालका कार्यक्रम ल्याइने बागलुङ-१० का वडाध्यक्ष तिलबहादुर थापा बताउनुहुन्छ । "किबी खेतीको राम्रो सम्भावना छ", उहाँले भन्नुभयो । भकुण्डेको तल्लो भागमा सुन्तला खेती र उपल्लो भागमा किबी खेतीका लागि किसानलाई प्रोत्साहन गर्ने योजना वडा कार्यालयसँग छ । किबी प्रतिकिलो स्थानीय बजारमा रु तीन सयदेखि रु तीन सय ५० सम्ममा बिक्री हुन्छ । किबीको नियमित सेवनबाट गर्भवती, रक्तचाप, मुटु, रुघाखोकीलगायत बिरामीलाई विशेष फाइदा पुग्छ । बजारमा माग बढ्दै गएको बागलुङ नगरपालिकाका कृषि शाखाप्रमुख राहुल केसीले जानकारी दिनुभयो । किवी खेती एक हजार दुई सयदेखि दुई हजार फिटसम्मको उचाइमा गर्न सकिन्छ । रोपेको तीन वर्षपछि किबीले उत्पादन दिन थाल्ने किसान बताउँछन् ।

# बेनीमा प्राविधिक सेवा वडाबाटै

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ७ भदौं**

म्याग्दीको बेनी नगरपालिकाले भौतिक पूर्वाधार निर्माणका लागि प्राविधिक सेवा वडा कार्यालयबाटै उपलब्ध गराउन थालेको छ । रु पाँच लाखसम्मकायोजनाको सम्झौता गर्ने अधिकार वडासचिवलाई प्रत्यायोजन गरेको नगरपालिकाले सर्वेक्षण, नापजाँच र मूल्याङ्कन गर्ने प्राविधिकलाई पनि वडामै खटाएको हो ।

यसअघि रु दुई लाखसम्म बजेट विनियोजन भएका योजनाको सम्झौता वडाबाटै गर्ने अभ्यास गरेको नगरपालिकाका प्राविधिकहरू वडा विभाजन गरेर नगरपालिकाको कार्यालयबाटै परिचालन हुने गरेका थिए । चालु आर्थिक वर्षदेखि सबइञ्जीनियरलाई वडा कार्यालयमै बसेर सेवा दिने गरी खटाइएको नगरप्रमुख सुरत केसीले बताउनुभयो ।

"उपभोक्ता समितिलाई नगरपालिकासम्म आउने जाने झन्झट हटाउनका साथै पूर्वाधार योजनालाई गुणस्तरीय बनाउन वडा कार्यालयमा प्राविधिक खटाएका हौं", उहाँले भन्नुभयो, "हाल सात जनालाई वडामा पठाएका छौं । प्रदेश लोकसेवाबाट सिफारिस र सरुवा भएर आउने प्राविधिकलाई पनि वडामै पठाउने तयारीमा छौं ।"

वडा नं १ र २ मा कमल थापा, ३ मा मिथीलेश्वर दास, ४ र ५ मा चन्द्रबहादुर थापा (कुमार), ६ मा गौरीश्वर रिजाल, ७ मा सन्ध्या रिजाल, ८ मा गोपाल मगर, ९ र १० मा सुनिल श्रेष्ठलाई प्राविधिकको जिम्मेवारी तोकिएको छ । वडाका योजना र प्राविधिकलाई सघाउन एक जना इञ्जीनियर नियुक्त गर्न लागिएको पनि नगरप्रमुख केसीले बताउनुभयो । पूर्वाधार शाखाका प्रमुख इञ्जीनियर विमलरञ्जन कार्कीलाई समग्र नगरपालिका, प्राविधिक अर्जुन थापालाई ठेक्का र विष्णु पौडेललाई भवनको नक्सापाससम्बन्धी जिम्मेवारी तोकिएको छ । नगरपालिकाले चालु आर्थिक वर्षमा बजेट विनियोजन गरेका योजनाको सर्वेक्षणका लागि नापजाँच थालिएको प्राविधिकले बताएका छन् । उपभोक्ता समिति गठन र सर्वेक्षणको प्रक्रिया सँगसँगै अघि बढाएको नगरपालिकाले निकासा र खर्चको अख्तियारी आउनेबित्तिकै सम्झौता गर्ने तयारी गरेको छ । यस वर्ष नगरपालिकाले रु १५ लाखसम्म बजेट विनियोजन भएका योजना उपभोक्ता समिति र सोभन्दा बढी बजेटका योजना ठेक्का प्रक्रियाबाट कार्यान्वयन गर्ने नगरप्रमुख केसीले जानकारी दिनुभयो ।

# नेपाल बजार बिक्री प्रतिनिधि संघ(नाम्स) को छैटौं राष्ट्रिय महाधिवेशन भदौंमा हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ भदौं**



नेपाल बजार बिक्री प्रतिनिधि संघ(नाम्स) को छैटौं राष्ट्रिय महाधिवेशन यही भदौ २४ र २५ गते चितवनको नारायणगढमा हुने भएको छ ।

यही शनिबार संघको १० औ पूर्ण बैठकले सो निर्णय गरेको हो । महाधिवेशन सम्पन्न गर्न संघका केन्द्रिय अध्यक्ष सुर्य पराजुलीको संयोजकत्वमा एक सय एक सदस्यीय मूल आयोजक समिति गठन गरिएको छ । मुल आयोजक समिति को सह संयोजकमा संघका केन्द्रिय उपाध्यक्ष पुष्प राज पराजुली, तथा सदस्य सचिवमा महासचिव पदम भट्टराईलाई चयन गरिएको छ । मूल आयोजक समिति मा केन्द्रीय कमिटीका पदाधिकारी तथा सदस्यहरु, सहित संघको सल्लाहकार समिति, अनुशासन तथा सुपरीवेक्षण समिति, केन्द्रिय लेखा आयोग समिति, एवं प्रदेश, शाखा/ईकाई कमिटीका अध्यक्षहरु पदेन सदस्य रहने गरी एक सय एक सदस्यीय मूल अधिवेशन आयोजक समिति गठन गरिएको हो । तेसै गरी अधिवेशनलाई ब्यवस्थित रुपमा सम्पन्न गर्न बिभिन्न उपसमितिहरु गठन गरिएको छ । गठीत उपसमितिहरु मध्ये, बिधान संसोधन उपसमिति संयोजकमा बसन्त राज सिग्देल, निर्वाचन ब्यवस्थापन उपसमिति संयोजकमा ऋषि अधिकारी, अतिथि स्वागत सत्कार उपसमिति संयोजकमा नरेन्द्र बिष्ट, आर्थिक ब्यवस्थापन उपसमिति संयोजकमा किरण अधिकारी, प्रचार प्रसार उपसमिति संयोजकमा श्रीराम सिग्देल, आवास खाना खाजा ब्यवस्थापन उपसमिति संयोजकमा शुभ थपलियालाई जिम्मेवारी दिइएको छ ।

संघको छैटौं राष्ट्रिय महाधिवेशनमा देशभरिबाट करीव छ सय प्रतिनिधि सहभागि रहने छन् । बैठकले बाँकी शाखा र ईकाई कमिटीको अधिवेशन तथा प्रतिनिधि छनौटको अन्तिम समयावधी भदौं ११ गते सम्मलाई तोकेको छ । भदौ ११ गते पछि भएका अधिवेशनलाई मान्यता दिन नसकीने निर्णय गरिएको छ । सबै प्रदेश, शाखा तथा ईकाई कमिटीले भदौं १५ गतेसम्म प्रतिनिधि को अन्तिम नामावली केन्द्रिय कमिटीमा पठाई सक्नु पर्ने निर्देशन बैठकले गरेको छ । छैटौं राष्ट्रिय महाधिवेशनमा सहभागी प्रतिनिधिले अनिवार्यरुपमा बैठकबाट तोकिएको लेवी र दायित्व बुझाएको हुनु पर्ने छ । अधिवेशनमा प्रतिनिधित्व गर्ने प्रक्रिया पनी विधान सम्वत् नै रहने निर्णय गरिएको छ ।

साधारण सदस्य को हकमा प्रत्येक शाखा तथा ईकाई को जम्मा सदस्य संख्या को २० प्रतिशतले प्रतिनिधि छनौट गर्नु पर्ने छ । प्रदेश कमिटीका सबै तथा शाखा र ईकाई कमिटीको हकमा कार्यसमिती बाट १५ जना स्वतः प्रतिनिधि हुने ब्यवस्था मिलाइएको प्रचार प्रसार उपसमिति संयोजक श्रीराम सिग्देलले जानकारी दिएका छन् ।

# पर्यटकीयस्थल खोप्रामा आवास सुविधा विस्तार

**पोखरापत्र संवाददाता**
**बेनी, ७ भदौं**

अन्नपूर्ण-धौलागिरि सामुदायिक पदमार्गअन्तर्गत पर्ने म्याग्दीको पर्यटकीयस्थल खोप्रामा पर्यटकका लागि आवास सुविधामा विस्तार गरिएको छ । अन्नपूर्ण गाउँपालिका-५ खोप्रामा पाउद्वार पर्यटन सहकारीले आवास सुविधा विस्तार गरेको हो ।

बीस कोठामा ४० जनालाई बास बस्न मिल्ने क्षमता रहेकामा सहकारीले थप आठ कोठे आवास भवन निर्माण गरेको हो । सुविधायुक्त आवास भवन बनाउन डिभिजन वन कार्यालयले गत वर्ष रु १३ लाख बजेट उपलब्ध गराएको थियो । यस वर्ष सहकारीले भवन बनाउन रु २८ लाख ५० हजार खर्च गरेको सहकारीका संस्थापक अध्यक्ष राजेश तिलिजाले जानकारी दिनुभयो ।

वडाध्यक्षसमेत रहनुभएका तिलिजाका अनुसार, उक्त भवनको जग निर्माण गर्न फ्रान्सेली नागरिकले रु ६५ लाखभन्दा बढी लगानी गरेका थिए । बढी खर्चिलो भएर फ्रान्सेली नागरिकले बीचैमा भवन निर्माण गर्न छाडेपछि पर्यटन सहकारीको अगुवाइमा सो भवनलाई पूर्णता दिइएको हो । यसअघि पाउद्वार मावि र हिमाञ्चल मावि सञ्चालनका लागि खोप्रा लेकमा सञ्चालन गर्दै आएको सामुदायिक होटललाई दुई वर्षदेखि भने पर्यटन सहकारी मातहत ल्याइएको छ । पर्यटन क्षेत्रको लाभ समुदायमा पुऱ्याउन राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष महावीर पुनको अवधारणाअनुसार नेपालमै पहिलो पटक सहकारीमार्फत होटल सञ्चालनमा ल्याइएको हो । खोप्रालेक समेटिएको अन्नपूर्ण-धौलागिरि सामुदायिक पदमार्गसमेत पुनकै नेतृत्वमा सञ्चालनमा ल्याइएको थियो । खोप्राको होटललाई हिमाली क्षेत्रमा समेत धुवाँरहित बनाउने अवधारणाअनुसार अघि बढाइएको छ । पाउद्वार पर्यटन सहकारीमा एक सय ५० बढी शेयर सदस्य आबद्ध छन् भने प्रतिशेयर सदस्यहरूले रु २५ हजारदेखि रु तीन लाखसम्म लगानी गरेका छन् । पाउद्वारका स्थानीयवासीसँगै बेनी, पोखरालगायत स्थानमा बसोबास गर्नेहरूले समेत उक्त सहकारीमा लगानी गरेका छन् ।

शेयर सदस्यमार्फत सङ्कलन भएको रकमलाई पर्यटन पूर्वाधार विस्तारमा लगानी गर्न थालिएको छ । अहिले रु ९१ लाख शेयर पूँजी मौज्दात छ । सहकारीले तीन कर्मचारी नियुक्त गरी नियमित रूपमा खोप्रामा होटल सञ्चालन गरिरहेको छ । यस वर्ष बर्खायाममा नै पर्यटकको आगमन भएको छ । यहाँ बाह्यसँगै आन्तरिक पर्यटकको चाप बढ्दो छ ।

भदौदेखि मङ्सिर र फागुनदेखि जेठसम्म पर्यटकको आगमन बढी हुन्छ । पर्यटकको घुम्ने अवधि बढाउन स्थानीयवासीले पाउद्वार तातोपानी-गोनपानी-चित्रे-भालखारा-खोप्रा-खयर हुँदै पाउद्वार गाउँ जोड्ने गरी नयाँ पर्यटकीय पदमार्गलाई सञ्चालनमा ल्याउने तयारी गरेका छन् । समुद्री सतहदेखि तीन हजार ६ सय १० मिटर उचाइमा अवस्थित खोप्रा डाँडाबाट अन्नपूर्ण, नीलगिरि, धौलागिरि, गुर्जा, चुरेनलगायत हिमाल अवलोकन गर्न सकिन्छ ।

# दोबामा बालीको मूल्य र ज्याला निर्धारण

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ७ भदौं**

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-१ दोवामा बालीको मूल्य र कामदारको ज्याला निर्धारण गरिएको छ । वडा भेलामार्फत खाद्यान्न बाली, तरकारी, दलहन र विभिन्न काम गर्ने कामदारको ज्याला निर्धारण गरिएको हो ।

वडासचिव मनकुमार गर्बुजाले वडा भेला गरेर मूल्य र ज्याला निर्धारण गरिएको जानकारी दिनुभयो । बालीको मूल्य र कामदारको ज्यालामा एकरुपता कायम गर्न भेलामार्फत निर्धारण गरिएको हो । हरेक वर्ष गाउँका अगुवाको भेला गरेर मूल्य र ज्याला निर्धारण गर्ने गरिएको छ । कोदो रु दुई सय ५०, मकै रु एक सय ७०, फापर रु तीन सय, सिमी तथा अन्य गेडागुडी रु सात सय, भटमास रु छ सय, आलु रु एक सय ८० प्रतिपाथीका दरले मूल्य निर्धारण गरिएको छ । दूध, दही, मोही, भैंसी र गाईको घ्यू, घर-भिर मह, रक्सी र जाँडको पनि मूल्य तोकिएको छ ।

यसैगरी बाउसे, दाउरा काट्ने र बोक्नेलाई रु सात सय, डकर्मी रु सात सय ५०, सिकर्मी रु नौ सय, गोरु हलीसहित सबै रु एक हजार ५००, प्लास्टर तथा ढलान रु आठ सय प्रतिव्यक्ति, प्रतिदिन खाजासहितको ज्याला कायम गरिएको छ ।

यसैगरी मेसिनमार्फत दाउरा र घाँस काट्ने रु सात सय, मिनीट्रिलरमार्फत खेत जोत्ने रु सात सय ५० प्रतिघण्टा, मेसिनमार्फत काठ काटेको रु १८, जङ्गे आरामार्फत छ फुटसम्म काठ काटेको रु २१ र छ फुटभन्दा बढी काठ काटेको प्रतिइन्च रु २४ मूल्य तोकिएको वडा कार्यालयले सोमबार सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।

करिब तीन सय घरधुरीको बसोबास रहेको दोवामा हरेक वर्ष गाउँसभा बस्ने गर्छ । महिला र पुरुषलाई विभेद नगरी ज्याला निर्धारण गरिएको वडाध्यक्ष दिलीप गर्बुजाले बताउनुभयो ।